# बेलौरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बेलौरी, कञ्चनपुर

सुदूरपश्चिम प्रदेश, नेपाल


प.सं.:- २०८३।०८४
च.नं.:-

मिति २०८३।०४।१८ गते

**युवा जलवायु कार्य कोष (YCAF) प्राविधिक सहयोग तथा कार्यान्वयन सम्बन्धी ७ दिने प्रस्ताव आह्वानको सूचना**

बेलौरी नगरपालिकामा ब्लुमबर्ग फिलान्थ्रोपिज (Bloomberg Philanthropies) को सहयोगमा सञ्चालित **युवा जलवायु कार्य कोष (Youth Climate Action Fund - YCAF)** कार्यक्रम अन्तर्गत नगर क्षेत्रका १५ देखि २४ वर्ष उमेर समूहका युवाहरूलाई जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम न्यूनीकरण तथा वातावरण संरक्षण सम्बन्धी स्थानीय नवीन सोच तथा आयोजनाहरू (Micrograants) कार्यान्वयनमा प्राविधिक सहयोग, सहजीकरण, क्षमता अभिवृद्धि र अनुगमन गर्न इच्छुक योग्य गैरसरकारी संस्था/गैर-नाफामूलक संस्थाहरूबाट **प्रस्ताव (Concept Note)** आह्वान गरिन्छ।

**१. कार्यको विवरण (Scope of Work) तथा मुख्य जिम्मेवारीहरू**

बेलौरी नगरपालिका र स्थानीय युवा क्लब/समूहहरूसँग प्रत्यक्ष समन्वय गरी YCAF कार्यक्रमको USD ५०,००० बराबरको Micrograants व्यवस्थापन तथा कार्यान्वयनमा सहयोग गर्ने।

- युवाहरूद्वारा प्रस्तुत कुल ८ वटा Micrograant प्रस्तावहरूको छनोट, आयोजना डिजाइन, सञ्चालन, तथा अन्तिम प्रतिवेदन तयार गर्ने चरणसम्म प्राविधिक तथा प्रशासनिक सहयोग पुऱ्याउने।
- युवाहरूका लागि वित्तीय ट्र्याकिङ, प्रतिवेदन लेखन, तथा क्षमता विकास सम्बन्धी तालिम तथा अभिमुखीकरण सञ्चालन गर्ने।
- नगरप्रमुखको उपस्थितिमा आयोजना सञ्चालक,युवाहरूका लागि प्रोत्साहन तथा छलफल कार्यक्रम र कार्यक्रमको अन्त्यमा सार्वजनिक समापन/अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने।
- YCAF Charter अनुसार City Intake Report, Youth Surveys, City Open Call Report, Disbursement Report, Micrograant Reports र Final City Grant Report तयार गरी बेलौरी नगरपालिकामा पेस गर्ने।

**२. न्यूनतम योग्यता र दक्षता (Minimum Qualifications)**

1. नेपाल सरकारको प्रचलित कानुन बमोजिम दर्ता, नवीकरण तथा समाज कल्याण परिषदमा आवद्ध भएको गैरसरकारी संस्था (NGO) वा गैर-नाफामूलक संस्था (Not-for-profit sharing company/foundation)।
2. जलवायु परिवर्तन (Climate Change), विपद् जोखिम न्यूनीकरण (DRR), पूर्वसूचना प्रणाली (EWS) र युवा परिचालनको क्षेत्रमा कम्तीमा **५ वर्षको कार्यअनुभव** भएको।
3. बेलौरी नगरपालिकाको भौगोलिक अवस्था, विपद् जोखिम (बाढी, शीतलहर, लु, वन्यजन्तु द्वन्द्व) र स्थानीय रणनीतिबारे स्पष्ट ज्ञान र स्थानीय तहमा काम गरेको अनुभव भएको।
4. युवा तथा बालबालिकाहरूसँग काम गर्ने र डिजिटल/नवीनतम प्रविधिमार्फत जलवायु कार्य सञ्चालन गर्ने उच्च क्षमता भएको।

खेमराज जोशी
प्रमुख प्रशासकीय अधिकृत

३. मूल्याङ्कनका आधारहरू (Evaluation Criteria)

| क्र.सं. | मूल्याङ्कनको आधार (Criteria) | पूर्णाङ्क (Score) |
|---|---|---|
| १ | साझेदारी पहल, कार्ययोजनाको स्पष्टता, प्राविधिक जनशक्ति तथा प्रशासनिक व्यवस्थापन | ५ अंक |
| २ | बेलौरी नगरपालिकाको प्राथमिकता अनुकूल ८ वटा Microgrant अवधारणा (Realistic Logframe, Indicators, Output/Outcome सहित) | १६ अंक |
| ३ | जलवायु कार्य, विपद् व्यवस्थापन, युवा परिचालन तथा अन्तर-क्षेत्रीय समन्वय सम्बन्धी प्राविधिक विशेषज्ञता र अनुभव | ४ अंक |
| | **कुल जम्मा** | २५ अंक |

- **द्रष्टव्यः** कुल अनुदान रकमको अधिकतम २०% सम्म रकम YCAF र नगरपालिकाको सहमति बमोजिम प्रशासनिक/सञ्चालन खर्चका रूपमा प्रयोग गर्न सकिनेछ। संस्थाको आफ्नै सह-लगानी (CSO Contribution) लाई उच्च मूल्याङ्कन गरिनेछ। आयोजनाको कुल अवधि मे २०२७ (May 2027) सम्म रहनेछ।

**४. प्रस्ताव पेश गर्ने प्रक्रिया र अन्तिम मितिः**

इच्छुक संस्थाहरूले आफ्नो प्राविधिक प्रस्ताव, संस्था दर्ता/नवीकरण प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, संस्थाको विधान, र कार्यअनुभवका प्रमाणहरूसहित यो सूचना प्रकाशित भएको मितिले ७ (सात) **दिनभित्र** (अर्थात् मिति २०८३/०४/२५ गते कार्यालय समयभित्र) बेलौरी नगरपालिकाको कार्यालयमा पेस गर्नुपर्नेछ।

खेमराज जोशी

प्रमुख प्रशासकीय अधिकृत